# मन्त्रिपरिषद्को नीतिगत निर्णय कार्यान्वयन अवस्था

यो वर्ष मन्त्रिपरिषद्बाट भौतिक पूर्वाधार तथा यातायात, अर्थ, उर्जा, स्वास्थ्य र वन तथा भूसंरक्षण मन्त्रालयसंग सम्बन्धित १५२ नीतिगत निर्णय भएकोमा नमुना छनौटका आधारमा परीक्षण गर्दा निर्णय कार्यान्वयन सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक दायित्वः** नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २१ बमोजिम मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने बिषयको संक्षिप्त व्यहोरा अन्तर्गत आर्थिक दायित्व समेत स्पष्ट उल्लेख गर्नुपर्ने व्यवस्था छ। मन्त्रिपरिषद्ले नीतिगत निर्णय गर्दा उक्त नीति कार्यान्वयन गर्न आवश्यक पर्ने थप आर्थिक दायित्व खुलाउनुपर्नेमा परीक्षण गरिएका १५२ निर्णयमध्ये २ सडक योजना बाहेक १५० निर्णयको आर्थिक दायित्व खुलाएको पाइएन। कार्यान्वयन गरिने निर्णयको आर्थिक दायित्वको आंकलन र खर्च व्यहोर्ने स्रोत नखुलाउंदा निर्णय कार्यान्वयनको सुनिश्चितता नहुने देखिएकाले नियमावली बमोजिम संभावित आर्थिक दायित्व यकिन गरी नीतिगत निर्णय गर्नुपर्दछ।

२. **समन्वयः** नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २१ बमोजिम मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने बिषयको संक्षिप्त व्यहोरा अन्तर्गत कार्यान्वयन गर्ने निकाय उल्लेख गर्नुपर्ने व्यवस्था छ। मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न एक भन्दा बढी निकायहरुको संलग्नता हनुपर्ने अवस्थामा निकायगत जिम्मेवारी मात्र तोकी अन्तर निकायगत समन्वयको व्यवस्था नहुँदा निर्णय कार्यान्वयनमा कठिनाई हुने गरेको छ। उदाहरणका लागि व्यापार र पारबहन सहजताका निमित्त उत्तर दक्षिण दुवैतर्फको नाकाहरु सञ्चालन तथा सुदृढीकरण गर्न रु.३ अर्ब ६८ करोड लागत अनुमान रहेको गल्छी–त्रिशुली–स्याफ्रुबेसी–रसुवागढी ८२ किलोमिटर सडक स्तरोन्नती अन्तर्गत सिङ्गल लेनबाट डबल लेन बनाउने कार्य २ वर्षभित्र सम्पन्न गर्न २०७२।८।१७ मा मन्त्रिपरिषद्बाट निर्णय भएको पाइयो। सो निर्णय कार्यान्वयन गर्न सडक बिभागले गल्छी-त्रिशुली-वेत्रावती ३६ कि.मी. र स्याफ्रुबेशी-रसुवागढी १८ कि.मी. खण्ड कालोपत्रे गर्ने, नेपाली सेना मार्फत वेत्रावती- मैलुङ्ग-स्याफ्रुबेशी २८ कि.मी. सडक खण्ड ट्र्याक खोल्ने, ३ महिना भित्र जग्गा प्राप्त गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिने, वन क्षेत्रमा रहेको रुखहरु काट्ने सम्बन्धमा वन तथा भु- संरक्षण मन्त्रालयले तत्काल आवश्यक व्यवस्था मिलाउने, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने र अन्य आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारका सम्पूर्ण निकायहरु आवश्यकतानुसार परिचालन गर्ने निर्णय भएकोमा समन्वय संयन्त्र स्थापित नहुँदा कार्यसम्पादनमा ढिलाई भई आयोजना कायान्वयनको पहिलो वर्षमा निर्माण सर्वेक्षण आदि कार्यमा रु.३२ करोड खर्च भई ९ प्रतिशत मात्र भौतिक प्रगति हासिल भएको छ। वातावरण संरक्षण नियमावली, २०५४ को परिच्छेद २ बमोजिमको कानूनी प्रावधान पूरा गरी प्रारम्भिक वातावरणीय परीक्षण गर्न सामान्यतया ३ देखि ४ महिना र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न कम्तिमा १ बर्ष अवधि लाग्ने देखिएकोमा १५ दिन भित्र गर्ने भनी निर्णय हुँदा तदअनुरुप कार्यान्वयन समेत भएको पाइएन। अन्तर निकायगत समन्वयको व्यवस्था गरी निर्णय कार्यान्वयन गर्नुपर्दछ।

३. **आर्थिक सहायता** – नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को प्रकरण १२.१ मा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति वा मुलुकलाई उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिलाई क्यान्सर, हृदयरोग, एल्जाइमर, पार्किन्सन्स वा मृगौला आदि कडा रोग लागि आर्थिक अवस्था कमजोर भई आफै उपचार गराउन नसक्ने अवस्था भएमा स्वदेशमा वा विदेशमा गई उपचार गराउंदा मेडिकल बोर्डको सिफारिस बमोजिम पूर्वराष्ट्रपति, पूर्व उपराष्ट्रपति तथा पूर्व प्रधानमन्त्रीलाई १५ लाख रुपैयासम्म, पूर्व प्रधानन्यायाधिश, पूर्व सभामुखको लागि १० लाख रुपैयासम्म र साहित्य, संगीत, कला राजनीति, सार्वजनिक प्रशासन, लगायत राष्ट्रिय जीवनका अन्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका महत्वपूर्ण व्यक्तिलाई रोगको प्रकृति हेरी ५ लाख रुपैयामा नबढ्ने गरी औषधोपचार बापतको रकम स्वदेशको हकमा सम्बन्धित अस्पताललाई र विदेशको हकमा दूतावास मार्फत सम्बन्धित अस्पताललाई सोझै प्रदान गर्नुपर्ने उल्लेख छ। तर राष्ट्रिय जीवनमा अत्यन्तै उल्लेखनीय

योगदान पुऱ्याएको महत्वपूर्ण व्यक्तिलाई विशिष्ट अवस्थामा नेपाल सरकारले उचित ठाने बमोजिम उपचार खर्च थप गर्न सक्ने समेत उल्लेख छ । प्रकरण १२.४ मा औषधि उपचार वापत सुविधा प्राप्त गर्न सरकारी वा गैर नाफामूलक सामुदायिक अस्पतालमा उपचार गराएको हुनुपर्ने र सरकारी वा सामुदायिक अस्पतालमा उपचार हुन नसक्ने भएमा सम्बन्धित सरकारी अस्पतालले कारण समेत खोली रिफर गरेमा निजी अस्पतालमा उपचार गर्न सकिने उल्लेख छ । कार्यविधिमा उल्लेखित उक्त प्रकरणको प्रक्रियानपुऱ्याई मन्त्रिपरिषद्ले १० पटकको निर्णयमा ५ उच्च पदस्थ व्यक्तिलाई उपचार खर्च वापत रु.१ करोड ४५ लाख र ५ व्यक्तिलाई बिल बमोजिमको औषधि उपचार एवं अन्य खर्च समेत आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरेको देखिएको छ । उपचार खर्च उपलव्ध गराउंदा कार्यविधिको पालना हुनुपर्दछ ।

४. **बेरुजू फछ्र्यौट** –बेरुजू फछ्र्यौटको लागि शुरुदेखि २०५९।६० सम्मको पुरानो बेरुजूको हकमा शून्य बनाउनैपर्ने, २०६०।६१ देखि २०७०।७१ सम्मको बेरुजू न्यूनतम ५० प्रतिशतसम्म अनिवार्य रुपमा फछ्र्यौट गर्नैपर्ने र २०७१।७२ को बेरुजूको लागि प्रमाण पेस गरी शून्य बनाउनैपर्ने लक्ष्य तोकिएको छ । यो वर्षनेपाल सरकारले बेरुजू असुल फछ्र्यौटलाई अभियान वर्षको रुपमा लिई अझ सार्थक र परिणाममूलक बनाउन ‘क’ देखि ‘ग’ वर्गका मन्त्रालय / निकायले २०७२।७३ मा लेखापरीक्षण भएको अङ्कको शून्य बेरुजू कायम गर्ने गराउने यसो गर्न नसकेमा ‘क’ वर्गकाले ५ प्रतिशत ‘ख’ वर्गकाले ४ प्रतिशत र ‘ग’ वर्गकाले १ प्रतिशतभन्दा बढी कायम नगराउने लक्ष्य निर्धारण गरेको पाइयो । बेरुजू फछ्र्यौटको लक्ष्य हासिल गर्न र बेरुजू फछ्र्यौट प्रभावकारी बनाउन बेरुजू फछ्र्यौट नगर्ने, समयमा जवाफ नदिनेलाई कानुन अनुसार सजाय, जरिवाना, विभागीय कारबाही गर्ने र स्थलगत लेखापरीक्षण अवधिमा बेरुजू फछ्र्यौट गराउने, असुल उपर गर्नुपर्ने बेरुजू कडाइका साथ असुल फछ्र्यौट गर्ने मन्त्रिपरिषद्बाट २०७३।२।२६ मा निर्णय भएको छ । बेरुजू फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदन अनुसार २०७२।७३ सम्मको बेरुजू रकम रु.६७ अर्ब ९२ करोड १६ लाख २१ हजारमध्ये २०७२।७३ आषाढ मसान्तसम्म रु.३२ अर्ब ५८ करोड १६ लाख फछ्र्यौट गरी ४७.९७ प्रतिशत प्रगति भएको छ । विगत ४ वर्षको बेरुजू फछ्र्यौट स्थिति हेर्दा कुल बेरुजूमध्ये २०६८।६९ मा ४०.०५, २०६९।७० मा ४६.३३, २०७०।७१ मा ४६.९९ र २०७१।७२ मा ४६.४७ प्रतिशत बेरुजू फछ्र्यौट भएको बेरुजू फछ्र्यौट समितिको वार्षिक प्रतिवेदनबाट देखिन्छ । लेखापरीक्षण अंकको तुलनामा बेरुजू २०६९।७० मा ३.५८, २०७०।७१ मा ४.३९ र २०७१।७२ मा ४. ६९ प्रतिशत रही हरेक वर्ष वृद्धि भएको नीतिगत बेलगती बेरुजु फछ्र्यौट हुने नगरेको र पाइएकोले फछ्र्यौट हुन बाँकी अद्यावधिक बेरुजू समेत वृद्धि भएको पाइएको छ । बेरुजू फछ्र्यौट सम्बन्धी कानूनी व्यवस्था भएपनि कार्यान्वयन फितलो रहेको र सम्बन्धित कर्मचारी बेरुजू प्रति जिम्मेवार नभएकोले बेरुजू फछ्र्यौट प्रतिशत वृद्धि हुँदै गएपनि समग्रप्रगति सन्तोषजनक देखिंदैन । साथै निर्णयानुसार बेरुजू फछ्र्यौट नगर्ने, समयमा जवाफ नदिनेलाई सजाय, जरिवाना र विभागीय कारबाही समेत गरेको देखिंदैन । बेरुजू फछ्र्यौट कार्यको समीक्षा गर्ने, छलफल गर्ने कार्यलाई प्राथमिकता दिएको देखिए तापनि मन्त्रिपरिषद्को निर्णय प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्छ ।

५. **नोक्सानी शोधभर्ना** –नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७२।८।८ को निर्णयानुसार देशको वर्तमान अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशा सम्बन्धी जारी भएको श्वेतपत्र अनुरुप मन्त्रिपरिषद्को २०७२।११।६ को निर्णयले राष्ट्रिय सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना, २०७२ स्वीकृत भई लागू भएको छ । यस अवधारणापत्रमा उल्लेखित उद्देश्य मध्ये वर्तमान उर्जा सङ्कटलाई आधारभूत रुपमा एक वर्षभित्र अन्त्य गर्ने उद्देश्य पूरा गर्न विद्युत वितरण प्रणालीमा अत्यधिक प्राविधिक र अप्राविधिक चुहावट रहेको विद्यमान अवस्था स्वीकार गरी विद्युत आपूर्तिको लागत कम गर्न प्राविधिक अप्राविधिक चुहावटहरु नियन्त्रण गर्न विद्युत संरक्षण कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । कार्ययोजनाको बुंदा नं.१९ मा विद्यमान विद्युत आयातमा घाटा रकम शोधभर्ना दिने कार्यक्रम अन्तर्गत भारतबाट सन् २०१४ जुलाईदेखि २०१५ नोभेम्बरसम्मको विद्युत आयात गरी आपूर्ति गर्दा हुन गएको नोक्सानी बापत रु.३ अर्ब ९६ करोड ७७ लाख शोधभर्ना दिने मन्त्रिपरिषद्को २०७३।३।१६ को निर्णय कार्यान्वयन अवस्थाको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१. अवधारणापत्रमा विद्युत वितरण प्रणालीमा रहेको अत्यधिक प्राविधिक र अप्राविधिक चुहावट नियन्त्रण गर्न विद्युत संरक्षण कार्यक्रम सञ्चालन गरिने उल्लेख भएकोमा लेखापरीक्षणमा पेस भएका विवरण बमोजिम २०७२।७३ मा २५.७८, २०७१।७२ मा २४.४४ र २०७०।७१ मा २४.६४ प्रतिशत प्रशारण तथा वितरण नोक्सानी देखिएको छ । विश्व बैङ्कको वेभ साइटमा उल्लेख भएको २०१३ को एक अध्ययन प्रतिवेदनका अनुसार १६६ देश मध्ये सिंगापुर विद्युत चुहावट नहुने राष्ट्र हो भने नेपाल बढी विद्युत चुहावट हुने विश्वको छैठौं नम्बरमा रहेको (३१ प्रतिशतसम्म चुहावट हुने) र सार्क मुलुकमध्ये उपलब्ध भएसम्मको तथ्याङ्क अनुसार १ नं. मा रहेको देखिन्छ । विश्वको औषत विद्युत चुहावट ८ प्रतिशत रहेको र मध्यम आय भएका मुलुकको औषत चुहावट १० प्रतिशत रहेको छ । राज्यको उर्जा संकट निवारण गर्ने तथा सन् २०२२ सम्म नेपाल मध्यम आयस्तर भएको मुलुकमा पुग्ने १४ औं योजनाको लक्ष्य समेत पूरा गर्न विद्युत प्रशारण तथा वितरणमा हुने प्राविधिक र अप्राविधिक चुहावट नियन्त्रण हुनुपर्दछ ।

५.२. लोडसेडिङ अरु बढ्न नदिन भारतबाट बढी विद्युत आपूर्ति गर्ने र यस्तो आयातित विद्युतबाट प्राधिकरणलाई पर्न गएको नोक्सानी नेपाल सरकारले शोधभर्ना दिँदै आएको छ । प्राधिकरणले यो वर्ष १ अर्ब ७८ करोड ७१ लाख युनिट विद्युत रु.५।५१ देखि रु.८।७२ प्रति युनिटका दरले रु.१४ अर्ब ७४ करोड ४१ लाखमा खरीद गरी सोमा २५ प्रतिशत चुहावट (प्राविधिक तथा अप्राविधिक) हुने भनी ४४ करोड ६८ लाख युनिट विद्युतको नोक्सानी कट्टा गरी बांकी १ अर्ब ३४ करोड ३ लाख युनिट प्रति युनिट रु.८।०४ दरले विक्री गर्दा रु.१० अर्ब ७७ करोड ६४ लाख विक्री आय प्राप्त गर्दा रु.३ अर्ब ९६ करोड ७७ लाख नोक्सान भएको माग दावी गरेकोमा कार्ययोजनामा उल्लेखित नीति बमोजिम उर्जा मन्त्रालयले खरिद दर र विक्री दरको फरक रकमबाट पर्ने घाटा निर्क्योल गरी शोधभर्नाका लागि मन्त्रिपरिषद्मा पठाउनुपर्नेमा प्राधिकरणबाट भएको चुहावट र सञ्चालन (प्रशारण तथा वितरण) घाटा समेत समावेश गरी २५ प्रतिशत नोक्सानी शोधभर्नाका लागि प्रस्ताव पेस गरेको देखियो । यसबाट कार्ययोजनामा उल्लेखित नीतिको पालना नभई विद्युत प्रशारण र वितरण नोक्सानी समेत शोधभर्ना गरेको देखियो । शोधभर्ना रकम रु.३ अर्ब ९६ करोड ७७ लाखमध्ये आयात र विक्रीमा परेको घाटा रु.७१ करोड १८ लाख र वितरण प्रशारण चुहावटको घाटा रु.३ अर्ब २५ करोड ५९ लाख देखिन्छ । चुहावट नियन्त्रण नगरी प्राधिकरणको सञ्चालन घाटा सरकारले शोधभर्ना दिएको मनासिब देखिएन ।

५.३. २०७१।७२ को जुलाई २०१४ देखि मार्च २०१५ सम्म ९४ करोड ९७ लाख युनिट विद्युत आयात गरिएकोमा २५ प्रतिशतले हुने २३ करोड ७४ लाख युनिट नोक्सानी देखाएको पाइयो । प्राधिकरणको २०७१।७२ को लेखापरीक्षणबाट देखिएको उक्त अवधिको खुद प्रणाली घाटा २४.४४ प्रतिशतले हुने २३ करोड २१ लाख युनिटको नोक्सानी दावी नगरी २५ प्रतिशतले २३ करोड ७४ लाख युनिटको दावी गर्दा ५३ लाख युनिटको रु.८।०४ को दरले रु.४ करोड २८ लाख बढी शोधभर्ना हुन गएको देखियो । मन्त्रालयले आवश्यक परीक्षण र जांच नगरी माग दावी बमोजिम शोधभर्नाको सिफारिस गरी मन्त्रिपरिषद्बाट निर्णय हुंदा प्राधिकरणलाई रु.४ करोड २८ लाख बढी भुक्तानी हुन गएको देखिएको छ ।

**५.४.** मन्त्रिपरिषद्को २०७३।३।१६ को निर्णयमा अवदेखि यस बापत थप रकम नदिने र विद्युतको मूल्य तत्काल समायोजन गर्ने समेत शर्त राखी अर्थ मन्त्रालय मार्फत शोधभर्ना दिएको देखिन्छ । उर्जा मन्त्रालयको २०७३।७।२९ को पत्रबाट पुन डिसेम्बर २०१५ देखि अगष्ट २०१६ सम्मको यस्तै प्रकृतिको नोक्सानी रु.३ अर्ब २६ करोड ३८ लाख शोधभर्ना गराउन अर्थ मन्त्रालयमा सिफरिस गरेकोले प्राधिकरणलाई यसप्रकारको थप रकम नदिने मन्त्रिपरिषद्को निर्णय बिपरित सिफारिस गर्न मनासिब देखिएन ।

६. **निर्णयको अनुगमन** – वन ऐन, २०४९ को दफा ६८(१) मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने भएमा वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिनसक्ने व्यवस्था छ । यो वर्ष १४ जलविद्युत आयोजनालाई ३४०.८१ हेक्टर वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने मन्त्रिपरिषद्बाट विभिन्न मितिमा निर्णय भए अनुसार यी आयोजनाहरुलाई वनक्षेत्र प्रयोग गर्न दिंदा वातावरणीय प्रभाव न्यूनीकरणको उपाय,

वातावरणीय व्यवस्थापन योजना पालना, आयोजनाले ओगटेको क्षेत्रफल बराबर सट्टाभर्ना हुने गरी निजी जग्गा खरिद गरिदिने, हटाइएको रुखका सट्टाभर्ना १:२ लगायतका विभिन्न अनुपातका दरले वन कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गरी वन कार्यालयलाई हस्तान्तरण गर्ने सम्बन्धी शर्तहरु पालना भए नभएको सम्बन्धमा कम्तिमा वर्षको एक पटक अनुगमन गरी मन्त्रालय, विभागमा प्रवितेदन दिन सम्बन्धित क्षेत्रीय निर्देशकको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति तोकिएकोमा तदनुसार अनुगमन नभएको कारण उल्लेखित शर्तहरु पालना भएको सम्बन्धमा विश्वस्त हुन सकिएन । समितिको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

७. **अनुगमन प्रतिवेदन:** मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालयले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको अनुगमन गरी पेश गरेको प्रतिवेदन अनुसार हेटौंडा–बर्दघाट २२० के.भी. विद्युत प्रशासरण लाइनलाई २०६८।१०।१२ को निर्णयबाट ९४.५२ हेक्टर, थोपाखोला हाइड्रोवापरलाई २०६३।४।१ को निर्णयबाट ३.६८ हेक्टर र एक प्रा.लि. लाई २०७०।२।२१ को निर्णयबाट ३.६८ हेक्टर भोगाधिकारको लागि वनक्षेत्रको जग्गा दिएकोमा निजी जग्गा खरिद गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई सट्टाभर्ना उपलब्ध गराउने र हटाइएको रुखहरुको सट्टा वृक्षारोपण गर्ने व्यवस्था भएकोमा सो अनुसार नभएको प्रतिवेदनमा उल्लेख छ । विभिन्न प्रयोजनको लागि दिइएको वनक्षेत्रको जग्गाको अभिलेख व्यवस्थित गर्नुपर्ने, हस्तान्तरित वनक्षेत्रको नापनक्सा र चारकिल्ला स्पष्ट नभएकोले वनक्षेत्रको जग्गा दिनु अघी नक्सा तयार गर्नुपर्ने र जग्गा प्रयोग गरे बापत सताभर्ना जग्गा प्राप्तिमा वन कार्यालयको तदारुकता हुनुपर्ने प्रतिवेदनको सुझाव रहेकोमा कुनै कारबाही भएको छैन ।